# नेपाल नर्सिङ परिषद्को

**संक्षिप्त चिनारी**

**(स्थापित वि.सं. २०५३)**

**(इ.स.१९९६)**

## सम्पर्क कार्यलय


बाँसवारी, काठमाडौं

पो. व. नं. १२५४१

फोन नं. ०१-४३७२५२१

फ्याक्स नं. ०१-४३७७२१४

Email: nncouncil@wlink.com.np

Website: www.nnc.org.np



दोश्रो संशोधन मिति : २०७२


## नेपाल नर्सिङ परिषद् एक संक्षिप्त परिचय

**१. प्रारम्भ मिति:** २०५२/१२/०७ लालमोहर सदर भएको नेपाल नर्सिङ परिषद ऐन, २०५२ नेपाल सरकारको मिति २०५३/०३/०२ को नेपाल राजपत्रमा प्रकाशित स्वास्थ्य मन्त्रालयको सुचना अनुसार प्रारम्भ भई सोही ऐन अनुसार नेपाल नर्सिङ परिषद्को स्थापना भएको हो ।

**२. परिषद्को उद्देश्य:**

क) नर्सिङ व्यवसायलाई सुदृढ र सम्मानयुक्त बनाउने ।

ख) नर्सिङ सेवालाई प्रभावकारी बनाई व्यवस्थित एवं वैज्ञानिक ढङ्गबाट परिचालन गर्ने ।

ग) नर्सिङ व्यवसायमा संलग्न नर्स तथा अ.न.मी. हरुको नाम योग्यता अनुसार परिषद्को दर्ता किताबमा दर्ता गराउने ।

**३. परिषद्को काम कर्तव्य र अधिकार:**

क) नर्सिङ व्यवसाय सुचारु रुपबाट सञ्चालन गर्नको लागि आवश्यक निति निर्धारण गर्ने ।

ख) नर्सिङ व्यवसाय सम्बन्धी शिक्षा दिने, शिक्षण संस्था र त्यस्ता शिक्षण संस्थाहरुले प्रदान गरेका प्रमाण-पत्र तथा उपाधीहरुलाई मान्यता दिने ।

ग) नर्सिङ व्यवसाय सम्बन्धी शिक्षण संस्थाहरुको पाठ्यक्रम, भर्नाको शर्त तथा परीक्षा प्रणाली सम्बन्धी स्तर निर्धारण गर्ने र निर्धारित स्तर कायम गरे नगरेको सम्बन्धमा आवश्यक जाँचबुझ गरी स्तर कायम नगर्ने शिक्षण संस्थालाई दिएको मान्यता फिर्ता लिने ।

घ) नर्सिङ व्यवसाय गर्नको लागि आवश्यक योग्यता निर्धारण गर्ने र निर्धारीत योग्यता पूरा गरेका नर्स तथा अ.न.मी. हरुको नाम परिषद्को दर्ता किताबमा दर्ता गर्ने ।

ङ) कुनै शिक्षण संस्था स्थापना र संचालन गर्न स्वीकृती दिनु पूर्व सम्बन्धित निकायले परिषद्संग परामर्श माग गर्नुपर्नेछ ।

**४. नामदर्ता सम्बन्धी व्यवस्था:** नर्सिङ व्यवसाय गर्न परिषद्मा नाम दर्ताको लागि देहाय बमोजिमका योग्यता पुगेको हुनु पर्नेछ ।

क) अ.न.मी. को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १८ महिनाको अ.न.मी. को तालिम प्राप्त गरेको हुनु पर्नेछ ।

ख) नर्सिङको लागि मान्यता प्राप्त शिक्षण संस्था बाट कम्तिमा ३ वर्षको प्रविणता प्रमाण-पत्र तह नर्सिङ वा ४ वर्षको वि.एस्सी.नर्सिङ अध्ययन पुरा गरेको हुनपर्नेछ ।

**५. नामदर्ता फाराम:** दरखास्तवालाले दरखास्त साथ पासपोर्ट साइजको ५ प्रति फोटो नागरिकताको प्रमाण-पत्र र दरखास्त फाराममा लेखिए बमोजिमको शैक्षिक योग्यताको प्रमाण-पत्र सबैको १-१ प्रति छायांकपी नोटरी पब्लिकबाट प्रमाणित गराई संलग्न गर्नुपर्नेछ ।

**६. दर्ता किताबबाट नाम हटाउने:** देहायका अवस्थामा परिषद्ले दर्ता किताबमा नाम दर्ता भएको नर्स तथा अ.न.मी. को नामदर्ता किताबबाट हटाउन सक्नेछ ।

क) मानसिक असन्तुलन भई पेशागत काम गर्न नसक्ने ठहरिएमा

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहरिएमा,

ग) पेशा सम्बन्धी आचरण उल्लंघन गरेको ठहरिएमा

**७. नेपाल नर्सिङ परिषद्को विभिन्न समितिहरु:**

क) फिजिबिलिटी कमिटि

ख) एक्रिडिटेशन कमिटि

ग) एजुकेशन तथा पब्लिकेसन कमिटि

घ) मोनिटरिङ कमिटि

ङ) रेजिस्ट्रेशन कमिटि

च) लाइसेन्सिङ कमिटि

**८. पेशागत आचरण:**

परिषद्मा नाम दर्ता भएका प्रत्येक नर्स तथा अ.न.मी. हरुले देहाय बमोजिमको पेशागत आचरणको पालना गर्नुपर्नेछ ।

क) **जिम्मेवारी बहन:** आफु कार्यरत संस्थाबाट निर्धारित समय अनुसार सेवामा संलग्न भई आफ्नो जिम्मेवारी पूरा गर्नुपर्नेछ ।

ख) **अनुशासन:**
आफु कार्यरत संस्थामा निजले व्यवसायिक अनुशासनको पालना गरी सम्पूर्ण कर्मचारीहरु प्रति उचित व्यवहार गर्नुपर्नेछ ।

ग) **निर्देशनको पालना:**
बिरामीको औषधी उपचार सम्बन्धी चिकित्सकले दिएको उचित निर्देशनलाई सहि तरिकाबाट कार्यान्वयन गर्नुपर्नेछ ।

घ) **शिष्ठ व्यवहार:** प्रत्येक बिरामी तथा निजको परिवारको मानसिकतामा सकारात्मक प्रभाव पर्ने गरी शिष्ट तथा सभ्य व्यवहार गर्नुपर्नेछ ।

ङ) **बिरामीको जीवन रक्षा गर्न उचित विवेक प्रयोग गर्नु पर्ने:** बिरामीको जीवन रक्षा हुने, पीडा निवारण हुने र स्वास्थ्यमा सुधार ल्याउने कार्यमा आफ्नो उचित विवेक प्रयोग गरी कार्य गर्नुपर्नेछ ।

च) **भेदभाव गर्न नहुने:** बिरामीको धर्म, वर्ण, लिङ्ग, जात, धनी गरिब तथा राजनैतिक आस्थाको आधारमा भेदभाव गर्न हुँदैन ।

छ) **आपतकालीन अवस्थामा व्यवसायिक विवेक प्रयोग गर्नुपर्ने:** जिम्मेवारी भित्र नपर्ने तर व्यवसायिक रुपले कार्यक्षेत्र भित्र पर्ने कुराहरु आपतकालीन अवस्थामा वा तत्काल बिरामीको जीवन रक्षाको लागि व्यवसायिक विवेक प्रयोग गरि आवश्यक उपायहरुको अवलम्वन गर्नुपर्नेछ र सो बारे यथाशिघ्र सम्बन्धीत निकायमा जानकारी दिनुपर्नेछ ।

ज) **गोप्यता कायम राख्नु पर्ने:**
बिरामीको स्वास्थ्य स्थितिको बारेमा आफुलाई प्राप्त जानकारी आधिकारीक तथा सम्बन्धीत व्यक्ति बाहेक अरु लाई उपलब्ध गराउन हुँदैन ।

झ) **आर्थिक लाभ प्राप्त गर्न नहुने:**
संस्थाबाट प्राप्त पारिश्रमिक, भत्ता तथा अन्य सुविधा बाहेक आफ्नो पेशागत व्यवसायको मर्यादा विपरित कार्यगरी अनुचित लाभ हासिल गर्न हुँदैन ।

ञ) **नर्सिङ व्यवसायमा आँच आउने कार्य गर्न नहुने:**
आफ्नो व्यक्तिगत जीवनमा नर्सिङ सेवा प्रति आँच आउने किसिमले कुनै क्रियाकलाप गर्नुहुँदैन ।

ट) **व्यवसाय प्रति सक्रिय रहनु पर्ने:**
नर्सिङ व्यवसायको उन्नति, विकास तथा यस सेवाप्रति स्थानिय, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा सकारात्मक भावना जागृत गराई मानव जातीको स्वास्थ्य प्रवर्धनको कार्यमा सदैव सक्रिय रहनुपर्नेछ ।

ठ) **व्यक्तिगत रुपमा उत्तरदायी र जिम्मेवार हुनुपर्ने:**
आफ्नो कामको समयमा बिरामीको स्याहार संभार, रेखदेख र उपचारको कार्यमा व्यक्तिगत रुपमा जिम्मेवार तथा उत्तरदायी रहनुपर्नेछ ।

**९.) पेशागत आचरणको उल्लंघन गरेको मानिने:**
परिषद्मा नाम दर्ता भएका प्रत्येक नर्स तथा अ.न.मी. ले माथि उल्लेखित पेशागत आचरणको पालना नगरेमा पेशागत आचरणको उल्लंघन गरेको मानिनेछ ।